# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

मितिः२०८२/११/०५

प.सः२०८२/०८३
च.नः ४२१२
श्री सामुदायिक तथा संस्थागत विद्यालय (कक्षा -८ सञ्चालित)
रत्ननगर नगरपालिका चितवन।

विषयः आधारभुत तह कक्षा-८ को परीक्षा व्यवस्थापन सम्बन्धमा ।

प्रस्तुत विषयमा रत्ननगर नगरपालिका अन्तरगत आधारभूत तह (कक्षा-८) सञ्चालित विद्यालयहरुले आधारभूत तह (कक्षा- ८) उत्तीर्ण परीक्षा-२०८२ मा सहभागी हुने विद्यार्थीहरुको शैक्षिक तथा व्यक्तिगत विवरण तपशिलको निर्देशन अनुसार भरी भराई २०८२ फागुन १५ गते भित्र यस शाखामा पेश गर्नु हुन अनुरोध गरिन्छ।
तपसिलः

१. एकिकृत शैक्षिक व्यवस्थापन प्रणाली EMIS मा कायम भएका विद्यार्थीहरुको वैयक्तिक विवरण जन्मदर्ता प्रमाणपत्र अनुसार ठिक साँचो छ/छैन सो को एकीन गरी ठिक साँचो नभएको भए पछिसम्म फरक नपर्ने गरी ।EMIS मा सबै विवरण अनिवार्य रुपमा अध्यावधिक गर्ने। (विगत वर्षहरुमा विद्यार्थीको नाम थर, जन्ममिति र आमा बुवाको नाम थरको Spelling फरक पर्ने गरेकोले गम्भिरतापूर्वक रुजु गर्ने ।।

२. विद्यालयले वेव ब्राउजरको प्रयोग गरि https://emis.cehrd.gov.np/ लगइन गरि विद्यालय कोड र पासवर्ड प्रयोग गरी विद्यालयको EMIS खोल्ने र अन्तिम समयमा सर्भरमा चाप पर्ने भएकाले सोहीअनुसार आवश्यक समय व्यवस्थापन गर्ने।

३. कक्षा ८ मा अध्ययनरत बालवालिकाहरुको परीक्षा आवेदन फारम भर्नुअघि जन्मदर्ता प्रमाण-पत्र हार्डकपि तथा विद्यालय पोशाकमा डिजिटल फोटो (सफ्टकपि) संकलन / खिच्ने कार्य गर्ने।

४.वेववेसमा विद्यालयको EMIS खुलेपछि Dashboard भन्दा तल रहेको Student Record→ Students Information मा गई २०८२ साल छनोट गरि Load गरिसकेपछि देखिने Action बटनमा क्लिक गरि कक्षा ८ को प्रत्येक विद्यार्थीको जन्मदर्तामा कायम रहेको विवरण अद्यावधिक गर्ने, सम्पर्क नं तथा कम्प्युटरमा सुरक्षित रहेको 2MB भन्दा कम साइजको फोटोको डिजिटल कपि अपलोड गर्ने। (फोटो Resize/ Compress गर्न Snipping Tool वा अनलाइन फोटो टुलको सहायता लिन सकिन्छ ।।

५. विद्यालयमा हाल अध्ययनरत भएको तर वेवबेस EMIS नाम नभएको भए सम्बन्धित पुर्व विद्यालयवाट स्थानान्तरण गर्ने, कतैपनि अध्ययन नगरेको भए Not in School गरि विवरण सम्पादन तथा रुजु गर्ने।

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्सः ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np

६. सबै विद्यार्थीको विवरण रुजु गरे पश्चात ठिक रहेको सुनिश्चित गरी Manage exam भित्र रहेको Application Form मा क्लिक गरि बुदाँ नं ४ मा राखिएको विवरण तथा फोटो समाविष्ट भए नभएको सुनिश्चित गर्ने र प्रत्येक विद्यार्थी आवेदन फारम १/१ प्रति प्रिन्ट गरि आवेदन फारमसाथ जन्मदर्ता, कक्षा ७ को लब्धाङपत्र / लेजरको प्रतिलिपिसहित मिति २०८२/११/१५ भित्र शिक्षा युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा पेश गर्ने।

७. सिम्बोल नं कायम गरेपछि कुनै पनि विवरण सच्याउन अनुमति नहुने भएकाले सबै काम सकेर मात्र सिम्बोल नं कायम गर्ने, तोकिएको समयमा कक्षा ८ को परीक्षाका सम्बन्धमा तोकिएको कार्य नगरेमा विद्यालय स्वयं जिम्मेवार हुने।

८. आवेदन फारमको अध्ययन पश्चात कार्यालयले थप केही कार्य अघि बढाउनु भन्ने जानकारी प्राप्त भए पश्चातमात्र यसै पत्रमा उल्लेख भएको विद्यालय कोड समावेश गरी देहायका ढाँचामा Manage exam भित्र भएको Admit Card मार्फत दिइएको ढाचामा सिम्बोल नं Generate & Print गरी प्रत्येक विद्यार्थीको २ प्रति Admit Card मिति २०८२।११।२० भित्र शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने। यस शैक्षिक सत्र २०८२ मा सचालन हुने आधारभूत शिक्षा उत्तीर्ण परीक्षा(कक्षा ८) व्यवस्थापन गर्नका लागि रत्ननगर नगरपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयहरुमा अध्ययनरत छात्र छात्राहरुको सिम्बल नं. कायम गर्दा तपसिल बमोजिम गर्नु हुन अनरोध छ।**तपसिल** दुई अंकको शैक्षिक सत्र जस्तैः ८२, २.दुइ अंकको विद्यालय कोड जस्तैः ०१, ३.तीन अंकको विद्यार्थी क्रमाङ जस्तैः००१ । पुरा सि.न. ८२०१००१) कायम गर्ने ।सिम्वल नं कायम गर्दा अंग्रेजी अक्षरको क्रम अनुसार कायम गर्ने ।विद्यालय कोड विवरण <u>निम्नानुसार रहेको छ।</u>

| क.स. | विद्यालयको नाम | विद्यालयको कोड | क.सं | विद्यालयको नाम | विद्यालयको कोड |
|---|---|---|---|---|---|
| १ | हिमालयन से.इं.वो.स्कूल | ०१ | २ | बकुलहर मा.वि | ०२ |
| ३ | लाइसियम आ.मा.वि | ०३ | ४ | नेपाल मा.वि | ०४ |
| ५ | पञ्चकन्या विद्या मन्दिर | ०५ | ६ | अन्नपूर्ण शिशु निकेतन | ०६ |
| ७ | आधारभूत विद्यालय बेल्सी | ०७ | ८ | यूनिक एकेडेमी | ०८ |
| ९ | बुद्धज्योति इ.वो. स्कुल | ०९ | १० | आधारभूत विद्यालय देवौली | १० |
| ११ | झुवानी मा.वि | ११ | १२ | बछौली मा.वि | १२ |
| १३ | मालपुर मा.वि | १३ | १४ | ग्रिन सोसाइटी पब्लिक स्कुल | १४ |
| १५ | माध्यमिक विद्यालय चित्रसारी | १५ | १६ | लिटिल स्टार इ.वो.स्कुल | १६ |
| १७ | मोहना माध्यमिक विद्यालय | १७ | १८ | कपरफोरी मा.वि | १८ |
| १९ | एकता शिशु निकेतन | १९ | २० | प्यारागन आ.मा.वि | २० |
| २१ | एन्जल्स वर्ल्ड | २१ | २२ | बैरिया मा.वि | २२ |
| २३ | न्यू स्पिडी आ.मा.वि | २३ | २४ | पञ्चन्या मा.वि, जिरौना | २४ |
| २५ | सगरमाथा आ.मा.वि | २५ | २६ | पिस भिजन | २६ |
| २७ | पञ्चकन्या मा.वि, जयमंगला | २७ | | | |
| २८ | स्काईगाइडर आ.मा.वि | २८ | २९ | शिक्षा विकास आ.मा.वि | २९ |
| ३० | जनजागृति मा.वि | ३० | ३१ | द्राग्किादाम मा.वि | ३१ |
| ३२ | जनदया मा.वि | ३२ | ३३ | नर्थप्वाइन्ट एकेडेमी | ३३ |
| ३४ | दिव्यज्ञान इ.वो.स्कुल | ३४ | ३५ | माधवपुर मा.वि | ३५ |
| ३६ | अर्विट इ.वो स्कुल | ३६ | ३७ | आ.वि नमूनाटोल | ३७ |
| ३८ | बिन्देश्वरी आ.वि. | ३८ | ३९ | भद्रकाली मा.वि | ३९ |
| ४० | भानुमेमोरिय मा.वि | ४० | ४१ | श्री राम वैदिक गुरुकुलम | ४१ |
| ४२ | श्री गायत्रि वेदवेदाङ्ग सास्कृत विद्यालय गुरुकुलम | ४२ | | | |
| ४३. | तोकाइ वाटिका इन्टरनेसनल स्कुल, नागोया जापान | | | | |

९. सिम्बोल नं तथा प्रवेश प्रत्र जारी भए पश्चात आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७ मा उल्लेख भए बमोजिमको आन्तरिक मुल्याङकन पद्धती अपनाई गरिएको कुल ५० अङ्क बापतको प्रासाङ MARKS ENTRY (8) FINAL मा गई प्रत्येक विषय शिक्षकले तय गरेको सहभागिता र सक्रियता बापतको ४ अंक, प्रयोगात्मक परियोजना बापतको ३६ अंक तथा त्रैमासिक परीक्षा बापतको १० गरि कुल ५० अङ्कभारको आन्तरिक मुल्याङकन पद्धि सम्म फरक नपर्ने Entry गर्ने। साथै उक्त अंक प्रदान गरिएको विवरण तथा आधार समेतको अभिलेख विद्यालयमा सुरक्षित गरी देहायको ढाँचामा कार्यालयमा पेश गर्ने।

| क.सं | EMIS CODE | सिम्वोल नं | विद्यार्थीको नाम थर | गणित | नेपाली | अंग्रेजी | स्वास्थ्य शारीरिक तथा सृजनात्मक कला | विज्ञान तथा प्रविधि | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | हाम्रो रत्ननगर हाम्रो गौरव | साधारण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं | EMIS CODE | सिम्वोल नं | विद्यार्थीको नाम थर | गणित | नेपाली | अंग्रेजी | संस्कृत भाषा | वेद | कर्मकाण्ड | संस्कृत व्याकरण | संस्कृत शिक्षा |

१०.संस्थागत विद्यालयले परिक्षा बापत प्रति विद्यार्थी रू ३००/- को दरले रत्ननगर नगरपालिकाको राजश्व खातामा रकम जम्मा गरी सो को प्रमाण आवेदन फारम साथ पेश गर्नुहोला।

नारायण प्रसाद बाग्ले
नगर शिक्षा अधिकारी